# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४७ | अङ्क ८ | वैशाख २०८० | अप्रिल-मे २०२३


## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

# नेपालको वित्तीय क्षेत्र सुरक्षित छः गभर्नर अधिकारी



गभर्नर महाप्रसाद अधिकारीले नेपालको वित्तीय क्षेत्र सुरक्षित अवस्थामा रहेको बताउनुभएको छ । आर्थिक वर्ष २०७९/८० को पहिलो आठ महिनाको आर्थिक तथा वित्तीय स्थितिको जानकारी दिन चैत २८ गते काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा उहाँले वित्तीय क्षेत्रको अवस्था चिन्ता गर्नुपर्ने अवस्थामा नरहेको स्पष्ट पार्नुभयो ।

गभर्नर अधिकारीले भन्नुभयो, "नेपालको बैंकिङ प्रणालीका विषयमा प्रश्न उठाइए पनि यथार्थ त्यस्तो छैन । समग्रमा वित्तीय क्षेत्र सुरक्षित नै छ । चिन्ता लिनुपर्ने अवस्था छैन ।" बैंक तथा वित्तीय संस्थाको पुँजी पर्याप्तता अनुपात तोकिएको भन्दा माथि नै रहेको आँकडासमेत उहाँले पत्रकार सम्मेलनमा प्रस्तुत गर्नुभयो । गभर्नर अधिकारीका अनुसार वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको २०७९ पुस मसान्तसम्मको पुँजी पर्याप्तता अनुपात क्रमशः १३.०१, १२.७१ र १७.०५ रहेको छ ।

अघिल्लो वर्ष उच्च दबाबमा रहेको विदेशी विनिमय सञ्चितिको परिमाणमा यो वर्ष सुधार आएको जानकारी गभर्नर अधिकारीले दिनुभयो । "गत वर्ष बाह्य क्षेत्रमा ठूलो चुनौती थियो । अहिले हामी नौ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने अवस्थामा छौं । यो सुदृढ अवस्था हो ।" उहाँले भन्नुभयो । ब्याजदरकै कारण अर्थतन्त्र समस्यामा नपरेको धारणा गभर्नर अधिकारीको थियो । ब्याजदर बजारले नै निर्धारण गर्ने र तरलताको अवस्था सहज हुनासाथ ब्याजदर क्रमिक रूपमा घट्दै जाने उहाँले स्पष्ट पार्नुभयो ।



**"गत वर्ष बाह्य क्षेत्रमा ठूलो चुनौती थियो । अहिले हामी नौ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने अवस्थामा छौं । यो सुदृढ अवस्था हो ।"**

पत्रकार सम्मेलनमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले आर्थिक वर्ष २०७९/८० को पहिलो आठ महिनाको आर्थिक तथा वित्तीय स्थितिबारे प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले मुद्रास्फीति, आयात-निर्यात, विप्रेषण आप्रवाहसँगै बाह्य क्षेत्रको समग्र स्थितिको आँकडा प्रस्तुत गर्नुभयो । साथै उहाँले वित्तीय प्रणालीको कर्जा तथा निक्षेप, ब्याजदर, तरलताको अवस्था, सरकारी खर्च, राजस्व र सरकारी ऋणका विविध पक्षबारे जानकारी दिनुभयो । सो अवसरमा गभर्नर अधिकारी र कार्यकारी निर्देशक श्रेष्ठले पत्रकारबाट राखिएको जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रसँगै विभिन्न विभागका प्रमुखहरूको उपस्थिति थियो । सो अवसरमा विभिन्न सञ्चार माध्यमका करिब सय जना सञ्चारकर्मीको उपस्थिति थियो ।

आर्थिक अनुसन्धान विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईंले स्वागत मन्तव्य राख्दै पत्रकार सम्मेलनको औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक एलिसा मानन्धरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

पत्रकार सम्मेलनमा सार्वजनिक आठ महिनाको आर्थिक तथा वित्तीय स्थितिको विवरणअनुसार सो अवधिमा उपभोक्ता मुद्रास्फीति ७.४४ रहेको छ । समीक्षा अवधिमा विप्रेषण आप्रवाह २५.३० प्रतिशतले वृद्धि भई रु.७९४ अर्ब ३२ करोड पुगेको छ । सो अवधिमा चालु खाता घाटामा उल्लेख्य सुधार भई यो घाटा रु.४४ अर्ब ३१ करोडमा सीमित भएको छ । अघिल्लो वर्ष यस्तो घाटा रु.४६० अर्ब ७२ करोड थियो । समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.१४८ अर्ब ११ करोडले बचतमा छ ।

आठ महिनाको अवधिमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप र प्रवाहित कर्जामा क्रमशः ५.५ र २.८ प्रतिशतले वृद्धि भएको छ । यस्तै, २०७९ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थामा रहेको निष्क्रिय कर्जा २.६३ प्रतिशत रहेको छ ।

# सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) को विधिवत् हस्तान्तरण

नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण संरचनालाई स्वचालित र प्रविधिमैत्री बनाउने उद्देश्यले कार्यान्वयनमा ल्याइएको 'सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System-SIS)' विधिवत् रूपमा बैंकलाई हस्तान्तरण गरिएको छ ।

चैत २ गते काठमाडौंमा आयोजित एक समारोहका बीच बेलायती सहयोग नियोगअन्तर्गतको फरेन कमनवेल्थ एण्ड डेभलपमेन्ट अफिस (एफसीडीओ) का विकास निर्देशक पीप्पा बर्डले गभर्नर महाप्रसाद अधिकारीलाई उक्त प्रणाली हस्तान्तरण गर्नुभयो । बेलायती सहयोग नियोगको वित्तीय क्षेत्र स्थायित्व कार्यक्रम (एफएसएसपी) को वित्तीय सहयोगमा एसआईएस निर्माण गरिएको हो ।




कार्यक्रममा गभर्नर अधिकारीले एसआईएसको कार्यान्वयनसँगै बैंक तथा वित्तीय संस्थाको नियमन र सुपरिवेक्षणको ढाँचा स्वचालित प्रणालीमा प्रवेश गरेको बताउनुभयो । वित्तीय क्षेत्रको प्रभावकारी नीति तर्जुमा र कार्यान्वयनको निम्ति विश्वसनीय र यथार्थ तथ्याङ्क आवश्यक पर्ने उल्लेख गर्दै गभर्नर अधिकारीले एसआईएसले त्यो आवश्यकतालाई परिपूर्ति गर्ने विश्वास व्यक्त गर्नुभयो । एसआईएसको निर्माण र कार्यान्वयनमा प्राप्त सहयोगको निम्ति उहाँले बेलायती सहयोग नियोग र सम्बद्ध अन्य निकायलाई धन्यवाद दिनुभयो ।

सो अवसरमा एफसीडीओका निर्देशक बर्डले एसआईएसको कार्यान्वयनबाट राष्ट्र बैंकको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्दै नेपालको वित्तीय क्षेत्रको सुदृढीकरणको निम्ति बेलायत सरकार सधैं प्रतिबद्ध रहेको धारणा राख्नुभयो । कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका निर्देशक शुभाषचन्द्र घिमिरेले एसआईएसको परिचय, विशेषता र यसको कार्यान्वयनका विविध पक्षबारे जानकारी दिनुभयो भने उप-निर्देशक डिल्लीराम पोखेलले एसआईएसको डेमो प्रदर्शन गर्नुभयो ।

सो अवसरमा नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसीले एसआईएसको कार्यान्वयन नेपालको वित्तीय प्रणालीको निम्ति 'कोसे ढुङ्गा' सावित भएको उल्लेख गर्दै यसको कार्यान्वयनमा बैंक तथा वित्तीय संस्थाबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा एसआईएस निर्माणमा आबद्ध साझेदार संस्था (पीडब्लूसी) का प्रतिनिधि रनेन बनर्जी, एफएसएसपीका टोली प्रमुख सूर्य आचार्य र एसआईएसको सफ्टवेयर तयार गर्ने संस्था (आईआरआईएस) का प्रमुख एस. स्वामीनाथनले उक्त प्रणालीको प्रारम्भिक चरणदेखि कार्यान्वयन अवस्थासम्मका विविध पक्षबारे चर्चा गर्नुभएको थियो ।

'सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस)' अनलाइन प्रविधिमा आधारित रिपोर्टिङ सिस्टम हो । बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकमा नियमित रूपमा रिपोर्टिङ गर्नुपर्ने तथ्याङ्क र सूचना यसै प्रणालीमार्फत पेश गर्दछन् । स्वाचालित प्रणालीबाटै ती तथ्याङ्कको प्रशोधन गरिन्छ । एसआईएसको कार्यान्वयनबाट सुपरिवेक्षकीय प्रणाली आधुनिक, स्वचालित र थप प्रभावकारी बन्न पुगेको सरोकारवालाहरूको विश्वास छ । एसआईएसको कार्यान्वयनबाट नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय प्रणाली थप सबल, वस्तुनिष्ठ तथा प्रभावकारी बन्ने र यसबाट वित्तीय क्षेत्रको स्थायित्वमा योगदान पुग्ने अपेक्षा राखिएको छ ।

# 'ग्लोबल मनी विक - २०२३' सम्पन्न



'Plan your money, plant your future' भन्ने नाराका साथ मुलुकभर 'ग्लोबल मनी विक - २०२३' मनाइएको छ।

नेपाल राष्ट्र बैंकको संयोजनमा २०७९ चैत ६-१२ (मार्च २०-२६, २०२३) मा विभिन्न वित्तीय चेतनामूलक कार्यक्रमको आयोजना गरी साताव्यापी रूपमा ग्लोबल मनी विक मनाइएको हो। हरेक वर्ष मार्च महिनामा साताव्यापी रूपमा मनाइने ग्लोबल मनी विकको यो एघारौं संस्करण हो।

राष्ट्र बैंकको अगुवाइमा वित्तीय क्षेत्रका अन्य नियामक निकाय र संघ/संस्थाको सहभागितामा मुलुकभर विभिन्न वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन भएका छन्। उक्त अभियानको पहिलो दिन नेपाल राष्ट्र बैंकले विभिन्न कलेजका सयभन्दा बढी विद्यार्थीको सहभागितामा ललितपुरमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो। नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग र नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेडसँगको सहकार्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो। गभर्नर महाप्रसाद अधिकारीले उक्त कार्यक्रमको उद्घाटन गर्नुभयो।

सो अवसरमा गभर्नर अधिकारीले नेपालमा बचतको तुलनामा उपभोग र खर्च गर्ने प्रवृत्ति बढी रहेको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "राष्ट्रिय आयसँग दाँजेर हेर्ने हो भने हाम्रो बचतको प्रवृत्ति कमजोर छ। त्यसैले हामीले बचत गर्ने बानीको विकास गर्नुपर्छ। बचतले नै लगानी र आम्दानीको बाटो देखाउने हो।" युवा विद्यार्थीमाझ वित्तीय जागरण र वित्तीय चेतना अभिवृद्धिका लागि ग्लोबल मनी विकको अभियान महत्वपूर्ण अवसर रहेको उहाँको भनाई थियो। बैंकिङ, पुँजी बजार, बीमा जस्ता वित्तीय क्षेत्रबारे जानकारी लिन र आफूले सिकेका ज्ञान/सीपलाई आफ्ना समाज र परिवारमा समेत प्रवाह गर्न गभर्नर अधिकारीले विद्यार्थीहरूलाई आग्रह गर्नुभयो।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमाल, नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रसँगै राष्ट्र बैंक र वित्तीय क्षेत्रका अन्य नियामक निकायका उच्च अधिकारीहरूको उपस्थिति थियो। कार्यक्रममा गभर्नरको कार्यालयका का.मु. कार्यकारी निर्देशक किरण पण्डितले स्वागत मन्तव्य राख्दै ग्लोबल मनी विकको सान्दर्भिकता र औचित्यबारे प्रकाश पार्नुभएको थियो। कार्यक्रमको दोस्रो सत्रमा राष्ट्र बैंक, धितोपत्र बोर्ड, बीमा प्राधिकरण र सहकारी विभागका तर्फबाट वित्तीय चेतना प्रवर्द्धनलाई समेटिएका चार वटा कार्यपत्र प्रस्तुत गरिएको थियो।

ग्लोबल मनी विककै सन्दर्भमा चैत ८ गते काठमाडौं कलेज अफ सेन्ट्रल स्टेट कलेजका ३० जना छात्रछात्रालाई नेपाल राष्ट्र बैंकको अवलोकन भ्रमण गराइएको थियो। यस क्रममा उनीहरूलाई बैंकका मुद्रा व्यवस्थापन विभाग र बैंकिङ विभागबाट हुने कामकारबाहीबारे जानकारी दिइएको थियो।

सोही अभियानअन्तर्गत चैत ९ गते भक्तपुरको सल्लाघारीस्थित मोडर्न इङ्गलिस बोर्डिङ स्कुल एण्ड कलेजमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन भयो। सो अवसरमा भुक्तानी प्रणाली विभागका निर्देशक निभा श्रेष्ठले वित्तीय सचेतनासम्बन्धी वार्ता प्रस्तुत गर्नुभयो। कार्यक्रममा कक्षा ११, १२ र स्नातक तहका १०९ जना विद्यार्थीको सहभागिता थियो।

ग्लोबल मनी विककै सन्दर्भमा गभर्नरको कार्यालयले चैत १२ गते बागलुङमा वित्तीय








साक्षरता कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका निर्देशक किरण पण्डितले वित्तीय साक्षरतालाई विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सोही अभियानकै क्रममा विराटनगर कार्यालयले चैत ८ गते विराटनगर-४ स्थित गोग्राहा माध्यमिक विद्यालयमा युवालक्षित वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो भने स्थानीय बीएफएमबाट साताभर चेतनामूलक सन्देशहरू प्रसारण गरिएको थियो ।

सोही अवसरमा वीरगञ्ज कार्यालयले बाराको सिम्रौनगढमा वित्तीय सक्षरता कार्यक्रम सञ्चालन गऱ्यो । कार्यक्रममा बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, नागरिक समाज, आमा समूह, स्थानीय संघ संस्थाका प्रतिनिधि र सञ्चारकर्मीको सहभागिता थियो ।

यसै गरी, सिद्धार्थनगर कार्यालयले विभिन्न कार्यक्रम आयोजना गरी ग्लोबल मनी विक मनाएको छ । यस क्रममा चैत ९ गते नवलपरासीको सुनवलस्थित महाकवि देवकोटा क्याम्पसका ६० जना विद्यार्थीलाई कार्यालयको अवलोकन भ्रमण गराइएको







थियो । कार्यालयले चैत १० गते कपिलवस्तुको यशोधरा गाउँपालिका, बेदौलीस्थित अनिरुद्ध माध्यमिक विद्यालय र मायादेवीस्थित जनता माध्यमिक विद्यालयमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । यस्तै, कार्यालयले चैत १२ गते रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकास्थित बुद्ध आदर्श माध्यमिक विद्यालयमा पनि वित्तीय चेतनामूलक कार्यक्रम






सञ्चालन गरेको थियो ।

यसै गरी, सुर्खेत कार्यालयले चैत ६ गते सुर्खेतको वीरेन्द्रनगरस्थित अमरज्योति माध्यमिक विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा कक्षा ११ का विद्यार्थीहरूको उत्साहजनक सहभागिता थियो ।

ग्लोबल मनी विकको अवसरमा नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग, नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेड, बैंक तथा वित्तीय संस्थाले पनि युवालक्षित वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन गरेका छन् ।

उक्त अभियानबाट युवा विद्यार्थीमा वित्तीय साक्षरताको प्रवर्द्धन र वित्तीय पहुँच विस्तारसँगै स्वरोजगार सिर्जना र उद्यमशीलताको विकास, उत्पादन तथा आयस्तर अभिवृद्धि भई मुलुकको आर्थिक समृद्धिको लक्ष्य प्राप्तिमा सहयोग सहयोग पुगेको विश्वास लिइएको छ ।

'ग्लोबल मनी विक' मूलतः किशोर/किशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो । Organization for Economic Cooperation and Development (OECD) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वका १७० भन्दा बढी मुलुकमा यो अभियान सञ्चालन हुँदै आएको छ । 'Learn.Save.Earn.' लाई ग्लोबल मनी विकको स्थायी नारा तय गरिएको छ ।

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी गोष्ठी सम्पन्न

भुक्तानी प्रणाली विभागले चैत २९ गते काठमाडौंमा भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थाको निम्ति सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी जोखिम पहिचान तथा मुल्याङ्कन सम्बन्धमा गोष्ठी आयोजना गर्‍यो ।

डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा विभागले उक्त गोष्ठी आयोजना गरेको हो । सो अवसरमा डेपुटी गभर्नर तिम्सिनाले विद्युतीय भुक्तानीको सुरक्षा, सम्पत्ति शुद्धीकरण निवारणमा भुक्तानी सम्बद्ध संस्थाको भूमिकाबारे चर्चा गर्दै उक्त गोष्ठीबाट राष्ट्र बैंकको निर्देशन कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थाका प्रमुख कार्यकारी अधिकृत र अनुपालना अधिकृत, नेपाल बैंकर्स एसोसिएसन, डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल, नेपाल वित्तीय संस्था संघ, नेपाल लघुवित्त बैंकर्स संघका प्रतिनिधि, भुक्तानी प्रणाली सिफारिस समितिका सदस्य, भुक्तानी प्रणाली विभाग र



अन्य विभागका कर्मचारीसहित ८४ जनाको सहभागिता थियो ।

सो अवसरमा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले AML/CFT and PSP/PSO विषयक कार्यपत्र प्रस्तुत गर्दै विद्युतीय भुक्तानी कारोबारमा संलग्न संस्थाले सम्पत्ति शुद्धीकरण निवारणका लागि पालना गर्नुपर्ने नियामकीय र कानुनी व्यवस्थाबारे जानकारी दिनुभयो । भुक्तानी प्रणाली विभागका निर्देशक (सू.प्र.) कृष्णराम धुँजुले 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०७९' को अ.प्रा./निर्देशन नं. १४ मा भएका व्यवस्था तथा स्थलगत निरीक्षणको क्रममा औंल्याइएका मुख्य कैफियतहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले समापन मन्तव्य राख्दै विद्युतीय भुक्तानीको बढ्दो कारोबारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको जोखिम रहने भएकाले सोको निवारणमा सरोकारवाला पक्षबीच सहकार्य हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा विभागका निर्देशक निभा श्रेष्ठले गोष्ठीको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक पदमराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बजेट तथा कार्ययोजनासम्बन्धी अनुशिक्षण



संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले चैत १२ गते काठमाडौंमा आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्ययोजनाको तयारी सम्बन्धमा अनुशिक्षण आयोजना गऱ्यो।

विभिन्न विभाग/कार्यालयका बजेट तथा कार्ययोजना तर्जुमामा संलग्न कर्मचारीहरूको सहभागितामा विभागले उक्त अनुशिक्षण आयोजना गरेको हो। संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीको उपस्थितिमा आयोजित कार्यक्रममा विभागका निर्देशक, उप-निर्देशकसँगै विभिन्न विभाग/कार्यालयका बजेट तथा कार्ययोजना तर्जुमामा संलग्न २९ जना अधिकृतहरूको सहभागिता थियो।

सो अवसरमा विभागका उप-निर्देशकद्वय सौनभ श्रेष्ठ र खिलबहादुर श्रेष्ठले क्रमश: 'वार्षिक कार्ययोजना तर्जुमा' र 'वार्षिक बजेट निर्माणसम्बन्धी प्रारम्भिक कार्य' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। यस्तै, सहभागीका तर्फबाट नेपालगञ्ज कार्यालयका उप-निर्देशक सुमनकुमार नेपालले मन्तव्य राख्नुभयो।

सो अवसरमा विभागका निर्देशक विनोदराज आचार्यले सहभागीका जिज्ञासालाई सम्बोधन गर्दै बजेट तथा कार्ययोजनाको तर्जुमामा पर्याप्त ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिनुभयो। सो अवसरमा विभागका निर्देशक हिमप्रसाद न्यौपानेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने विभागका सहायक निर्देशक पुष्करराज भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# विराटनगरमा जोखिम व्यवस्थापनसम्बन्धी अन्तरक्रिया

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले चैत ५ गते विराटनगरमा जोखिम व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।



विभिन्न विभाग/कार्यालयका जोखिम व्यवस्थापन अधिकृतको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले जोखिम व्यवस्थापनका विविध पक्षका सम्बन्धमा संक्षिप्त मन्तव्य राख्नुभयो। सो अवसरमा विभागका उप-निर्देशक आलोकज्योती शाक्यले जोखिम अभिलेख रजिष्टरका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने सहायक निर्देशक प्रदीपकुमार काफ्लेले 'बिजनेस कन्टिन्यूटी प्लान'का विविध पक्षबारे प्रकाश पार्नुभयो।

कार्यक्रममा जोखिमको पहिचान, यसको मापन, अभिलेख राख्ने विधि र मूल्याङ्कनका सम्बन्धमा जोखिम व्यवस्थापन अधिकृतहरूबीच छलफल भएको थियो। कार्यक्रमको दोस्रो सत्रमा सहभागीलाई जोखिम रजिष्टरमा अभिलेख राख्ने अभ्याससमेत गराइएको थियो। कार्यक्रममा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका निर्देशक विनोदराज आचार्य र विराटनगर कार्यालयका का.मु.निर्देशक गङ्गा बस्नेत थापाको समेत उपस्थिति थियो।

# सरकारी कारोबारसम्बन्धी गोष्ठी सम्पन्न



बैंकिङ विभागले फागुन २९ गते विराटनगरमा सरकारी कारोबारका सन्दर्भमा गोष्ठी आयोजना गऱ्यो । प्रदेशस्तरमा हुने सरकारी कारोबारको विवरण तथा कोषको स्थिति तयार गर्ने सम्बन्धमा उक्त गोष्ठी आयोजना गरिएको हो ।

विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीको उपस्थितिमा आयोजित गोष्ठीमा नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित वाणिज्य बैंकका प्रतिनिधि ५२ जनाको सहभागिता थियो ।

सो अवसरमा कार्यकारी निर्देशक पंगेनीले सरकारी बैंकिङ कारोबारमा राष्ट्र बैंकको महत्वपूर्ण जिम्मेवारी रहेको उल्लेख गर्दै बैंकको अनुमतिमा वाणिज्य बैंकहरूले पनि राजस्व, धरौटी र विविध आम्दानीको सङ्कलन र सरकारी खाताको व्यवस्थापनमा सहयोग पुऱ्याएको धारणा राख्नुभयो । सरकारी बैंकिङ कारोबारमा संलग्न वाणिज्य बैंक, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंकले निश्चित आवधिक अन्तरमा राजस्व, धरौटी र विविध आम्दानीको हिसाबमिलान गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयका उप-महालेखा नियन्त्रक रामचन्द्र शर्माले 'प्रदेश सरकारको सञ्चित कोष सञ्चालन र कोष व्यवस्थापनका नीतिगत व्यवस्था, समस्या र समाधानका उपाय', बैंकिङ विभागका उप-निर्देशक यज्ञबहादुर कटवालले 'प्रदेशको सरकारी कारोबार व्यवस्थापन, सरकारी खाता र कारोबारको हिसाबमिलान तथा कोषको स्थिति, सरकारी कारोबार सञ्चालनमा देखिएका प्रमुख समस्या र चुनौती' र आर्थिक अनुसन्धान विभागका उप-निर्देशक डा. सञ्जयप्रसाद मिश्रले 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, सरकारी कारोबारका तथ्याङ्कको वर्तमान अवस्था र तथ्याङ्कको प्रभाव तथा महत्व' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । बैंकिङ विभागका उप-निर्देशक राजेशप्रसाद शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नरको कार्यालय र संस्थागत योजना विभागद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना



गभर्नरको कार्यालयले चैत ९ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले 'नेपालमा बैंकिङ नियमन र सुपरिवेक्षण: समस्या र चुनौती' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा निर्देशक तिमिल्सिनाले पछिल्लो दुई दशकका वित्तीय परिसूचकका आँकडा, सार्क मुलुकको तुलनात्मक विवरण, राष्ट्र बैंकबाट भएका सुपरिवेक्षकीय कारबाही, नियामकीय व्यवस्था, नियमन/



सुपरिवेक्षणका समस्या र चुनौतीका विषयमा जानकारी दिनुभयो।

कार्यक्रममा विभिन्न विभाग /कार्यालयका कर्मचारीहरूको सहभागिता थियो। गभर्नरको कार्यालयका निर्देशक किरण पण्डितले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक डा. भागवत आचार्यले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले चैत १६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो।

विभागको सभाकक्षमा आयोजित कार्यक्रममा नेपाल राष्ट्र बैंक, योजना तर्जुमा एवम् मूल्याङ्कन निर्देशिका, २०७२ लाई समय सापेक्ष अद्यावधिक गर्ने र विभागबाट सम्पादन हुने सङ्गठन तथा व्यवस्थापन कार्यमा एकरूपता ल्याउन सोसम्बन्धी सर्वेक्षण निर्देशिका तर्जुमा गर्ने विषयमा छलफल भयो। कार्यक्रममा विभागका उप-निर्देशकद्वय सौनभ श्रेष्ठ र ईमबहादुर क्षेत्रीले क्रमशः योजना तर्जुमा एवम् मूल्याङ्कन निर्देशिका र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिकाका सम्बन्धमा जानकारी दिनुभयो।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले योजना तर्जुमा तथा मूल्याङ्कन निर्देशिकाको परिमार्जन र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका तर्जुमाको आवश्यकताबारे चर्चा गर्नुभयो। कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो।

# नेपालगञ्जमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुशिक्षण



नेपालगञ्ज कार्यालयले फागुन २६ गते सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि सूचक संस्थाको दायित्वसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो।

कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाको संयोजकत्वमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो। सो अवसरमा वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि सूचक संस्थाको दायित्व सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

नेपालगञ्ज कार्यालयका सहायक निर्देशक लवली श्रीवास्तवले कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो भने प्रधान सहायक विष्णुबहादुर केसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# बारा, सर्लाही र दाङमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी

वीरगञ्ज कार्यालयले चैत्र २ गते बाराको सिमरामा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी आयोजना गऱ्यो ।

आर्थिक तथ्याङ्क प्रदायक सरकारी निकाय, उद्योगी/व्यवसायी, होटेल, सहकारी संस्थाका प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त गोष्ठी आयोजना गरेको हो । सो अवसरमा वीरगञ्ज कार्यालयका उप-निर्देशक मिलादेवी बाराहीले 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले आर्थिक तथ्याङ्कको उपयोग र महत्व, तथ्याङ्क सङ्कलनका समस्यालगायतका विषयमा जानकारी दिनुभयो ।

कार्यालयका निर्देशक अजित रेग्मीले आर्थिक तथ्याङ्कको सही प्रयोगबाटै प्रभावकारी नीति र योजना निर्माणमा सहयोग पुग्ने धारणा राख्दै अगामी दिनमा यथार्थ र विश्वसनीय तथ्याङ्क प्राप्तिमा सरोकारवाला निकायबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । कार्यालयका सहायक निर्देशक विवेककुमार साहले कार्यक्रम सञ्चालन गर्नभएको थियो ।





यसै गरी, जनकपुर कार्यालयले चैत १३ गते सर्लाहीको लालबन्दीमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गऱ्यो ।

कार्यक्रममा कार्यालयका उप-निर्देशक सुजन खनालले आर्थिक तथ्याङ्कको महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्यामा केन्द्रित रहेर कार्यपत्र प्रस्तुत गर्नुभयो । प्रस्तुतिका क्रममा उहाँले तथ्याङ्कको महत्व, तथ्याङ्क उपलब्ध गराउने निकाय, तथ्याङ्कसम्बन्धी कानुनी व्यवस्था, बैंकले तयार गर्ने प्रतिवेदनसँगै मधेश प्रदेशका आर्थिक परिसूचकबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक अशोक घिमिरेले समयमै तथ्याङ्क उपलब्ध गराएर प्रतिवेदन तयारीमा सहयोग पुऱ्याउन सरोकारवाला निकायका प्रतिनिधिलाई अनुरोध गर्नुभयो । कार्यक्रममा सर्लाहीस्थित मालपोत, कृषि ज्ञान केन्द्र, भेटेनरी तथा पशु सेवा विज्ञ केन्द्र, विद्युत प्राधिकरण, नगरपालिका, डिभिजन सडक कार्यालय, जलस्रोत तथा भूमि सिँचाई कार्यालय, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसँगै उद्योगी/व्यवसायीको सहभागिता थियो ।

सो अवसरमा जनकपुर कार्यालयका सहायक निर्देशक राधेश्याम साहले स्वागत मन्तव्यसहित कार्यक्रमको आवश्यकता र औचित्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक सियाराम यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, नेपालगञ्ज कार्यालयले चैत १६ गते दाङमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा सङ्कनका समस्या' विषयक गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्था र विभिन्न सरोकारवाला निकायका प्रतिनिधिसहित ४७ जनाको सहभागिता थियो । कार्यक्रममा सहायक निर्देशक दिपेश यादवले राष्ट्र बैंकले सङ्कलन गर्ने आर्थिक तथ्याङ्कका विविध पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा नेपालगञ्ज कार्यालयका उप-निर्देशक छविलाल घिमिरेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक रवि कनोजियाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



# झापामा एकीकृत निर्देशनसम्बन्धी अन्तरक्रिया



विराटनगर कार्यालयले चैत १९ गते झापाको दमकमा 'बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन' को सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा कोशी प्रदेशस्थित वाणिज्य बैंकका प्रदेश प्रमुख, उक्त प्रदेशमा केन्द्रीय कार्यालय रहेका विकास बैंकका प्रमुख कार्यकारी अधिकृत, वित्त कम्पनीका प्रदेश प्रमुखलगायतको सहभागिता थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक रविन भण्डारीले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाका लागि गारी गरिएको 'एकीकृत निर्देशन, २०७९' का मुख्य विशेषतालाई समेटेर कार्यपत्र प्रस्तुत गर्दै कोशी प्रदेशको वित्तीय स्थितिबारे जानकारी दिनुभयो ।

कार्यक्रममा नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले विदेशी विनिमय सञ्चिति र तलरता व्यवस्थापनमा पर्न सक्ने दबाबलाई दृष्टिगत गर्दै बैंक तथा वित्तीय संस्थाले जिम्मेवार ढङ्गले काम गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा सहभागीले तरलता अभावसहित बैंकिङ क्षेत्रका समसामयिक समस्या र एकीकृत निर्देशनका सन्दर्भमा आफ्ना सुझाव र जिज्ञासा राखेका थिए । कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक इन्द्रा चम्लागाई मैनालीले उक्त कार्यक्रमको आयोजनाबाट बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको निर्देशनको पूर्ण कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक मनोज गुरुङले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक सुजनकुमार विश्वकर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बाजुराको मार्तडीमा विद्युतीय भुक्तानीसम्बन्धी अनुशिक्षण



धनगढी कार्यालयले चैत १ गते बाजुराको मार्तडीमा विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने उद्देश्यले अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

भुक्तानी प्रणाली विभागको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन र प्रवर्द्धन गरी वित्तीय पहुँच अभिवृद्धि गर्ने उद्देश्यले उक्त अनुशिक्षण आयोजना गरिएको जनाइएको छ ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले डिजिटल वित्तीय साक्षरतासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विद्युतीय वित्तीय सेवाका आधारभूत पक्ष, नेपालमा उपलब्ध सेवा, विद्युतीय माध्यमबाट भुक्तानी गर्ने प्रक्रिया, यसका लाभ, कारोबारमा अपनाउनुपर्ने सावधानी, विद्युतीय भुक्तानीको प्रवर्द्धनमा राष्ट्र बैंकबाट भएका प्रयासबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा सदूरपश्चिम प्रदेशस्थित वाणिज्य बैंकका प्रमुख, बाजुरा जिल्लास्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख/प्रतिनिधि, बाजुरा बहुमुखी क्याम्पसका उप-प्राध्यापक तथा विद्यार्थी, उद्योग वाणिज्य संघका प्रतिनिधि, होटल व्यवसायीलगायतको सहभागिता थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक पौडेलसँगै धनगढी कार्यालयका निर्देशक विनोदराज लेखकले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यालयका उप-निर्देशक अस्मिता गोर्खालीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक यमबहादुर शाहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बीमा कम्पनीका प्रतिनिधिसँग गो-एएमएलसम्बन्धी अन्तरक्रिया



वित्तीय जानकारी इकाईले चैत १ गते काठमाडौंमा गो-एएमएल प्रणालीको 'लाईभ रिपोर्टिङ'सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

बीमा कम्पनीका अनुपालना अधिकृतहरूको सहभागितामा इकाईले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनको आवश्यकतामा जोड दिनुभयो । साथै, गो-एएमएल प्रणालीमा आबद्ध भई प्रभावकारी रिपोर्टिङ गर्नसमेत उहाँले बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले भावी पुस्तालाई अपराध र आतङ्कवादबाट मुक्त तुल्याउन सरोकारवाला निकायको समन्वयात्मक भूमिका हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । सो अवसरमा नेपाल बीमक संघका अध्यक्ष चङ्गी क्षेत्री र जीवन बिमक संघ, नेपालका अध्यक्ष पोषकराज पौडेलले कार्यक्रम प्रभावकारी रहेको र गो-एएमएल कार्यान्वयनका सिलसिलामा बीमा कम्पनीले समयसीमा तयार गरी आवश्यक कार्यसम्पादन गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा इकाईका उप-निर्देशक केशवप्रसाद रिमालले 'General Overview of STR/SAR/TTR Reporting' र सहायक विवेश पोखरेलले 'Live Reporting on goAML (Technical Session)' शीर्षकमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका प्रतिनिधि, जीवन, निर्जीवन र पुनर्बीमा कम्पनीका अनुपालना अधिकृतहरूको सहभागिता थियो । सो अवसरमा इकाईका उप-निर्देशक बिष्णुप्रसाद गुरागाईले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक आश्मा ज्ञवालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# नेपालगञ्जमा भुक्तानी तथा फर्छ्यौटसम्बन्धी अनुशिक्षण



नेपालगञ्ज कार्यालयले चैत ३ गते 'बैंक तथा वित्तीय संस्थासँग भुक्तानी तथा फर्छ्यौटः विद्यमान व्यवस्था, समस्या र चुनौती' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाको संयोजकत्वमा आयोजित कार्यक्रममा नेपालगञ्जस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा भुक्तानी प्रणाली विभागका उप-निर्देशक प्रकाश राईले भुक्तानी तथा फर्छ्यौटका विविध पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यालयका उप-निर्देशक सुमनकुमार नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक विष्णुबहादुर केसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सुर्खेतमा सफा नोट नीतिसम्बन्धी अनुशिक्षण



सुर्खेत कार्यालयले चैत २७ गते 'सफा नोट नीति, नेपाली नोटको सुरक्षा विशेषता तथा जाली नोट पहिचान' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

मुद्रा व्यवस्थापन विभागको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा सुर्खेतस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, कर्णाली प्रदेशस्थित नोटकोष कारोबार गर्ने बैंक, कर्णाली प्रदेशस्थित नेपाल बैंकर्स संघ, जिल्ला प्रशासन कार्यालय सुर्खेत, जिल्ला प्रहरी कार्यालय सुर्खेतको प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा मुद्रा व्यवस्थापन विभागका निर्देशक वासुदेव भट्टराईले सफा नोट नीति, नोटको सुरक्षा विशेषतालगायतका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सफा र गुणस्तरीय नोट चलनचल्तीमा ल्याउने, पुराना नोटको प्रयोग घटाउने, नोटको सुरक्षा विशेषतासम्बन्धी जानकारी दिने र शङ्कास्पद/जाली मुद्राको पहिचानलाई नियन्त्रण गर्ने विषयमा सहभागीहरूबीच छलफल भएको थियो ।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख विनय सिग्देलले सहभागीलाई धन्यवाद दिँदै समापन मन्तव्य राख्नुभयो । कार्यालयका सहायक निर्देशक कृष्णकुमार पालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक सुगम थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सिद्धार्थनगर कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न




सिद्धार्थनगर कार्यालयले चैत ३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयको बैंकिङ जनरल इकाईमा हुने कामकारबाही र विविध पक्षबारे छलफल भयो । कार्यालयका उप-निर्देशक खगराज सापकोटाले बैंकिङ इकाईबाट कार्यसम्पादन हुने कामकारबाहीबारे जानकारी दिनुभयो ।

यसै गरी, सहायक निर्देशक रमेशकुमार न्यौपानेले इकाईबाट सम्पादन हुने ईसीसी, आईपीएस, सरकारी कारोबार, खाता व्यवस्थापन, लुम्बिनी प्रदेशको सरकारी कारोबारसम्बन्धी नीतिगत व्यवस्था र यसका समस्या/चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेयले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# क्यूआर कोडमार्फत भारतीय मुद्रा सटही सुविधा



बैंकिङ विभागले क्यूआर कोडमार्फत भारतीय मुद्रा सटही गर्ने सुविधा सुरु गरेको छ। भारतीय मुद्रा सटहीलाई छिटो र सहज बनाउने तथा विद्युतीय बैंकिङ कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ विभागले चैत १७ गतेदेखि उक्त सेवा सुरु गरेको हो।

चैत १२ गते आयोजित कार्यक्रममा बैंकिङ विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनी र माछापुच्छ्रे बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाबीच सोसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भयो। क्यूआर कोडमार्फत बुझाइएको रकम बैंकिङ विभागको नाममा माछापुच्छ्रे बैंकमा रहेको 'नन अपरेटिभ अकाउन्ट'मा जम्मा हुने र कारोबार समयपछि हिसाबमिलान हुने व्यवस्था मिलाइएको छ। क्यूआर प्रविधिसँग अभ्यस्त नभएका वा यसको प्रयोग गर्न नचाहने सेवाग्राहीका निम्ति नेपाली रुपैयाँ बुझाएरै भारतीय मुद्रा सटही गर्न सकिने व्यवस्थालाई यथावत् राखिएको छ।

कार्यक्रममा कार्यकारी निर्देशक पंगेनीले क्यूआर कोडमार्फत भारतीय मुद्रा सटही गर्दा कारोबारमा निहित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक पहल गरिएको उल्लेख गर्दै बैंकिङ कारोबारको समयपश्चात् दैनिक हिसाममिलान गर्न विभागको सम्बन्धित फाँट र माछापुच्छ्रे बैंकलाई आग्रह गर्नुभयो। साथै, भविष्यमा अन्य विदेशी मुद्राको सटही कारोबारमा समेत क्यूआर प्रविधिलाई प्रयोग गर्दै लैजाने विभागको योजना रहेको जानकारीसमेत उहाँले दिनुभएको थियो।

# अवकाश

भुक्तानी प्रणाली विभागका सहायक (सु.प्र.) विनय लुईटेलले २०७९ चैत ८ देखि लागू हुनेगरी पदबाट राजीनामा दिनुभएको छ। यसै गरी, टक्सार महाशाखाका कार्यालय सहयोगी तृतीय माइला पोडेले चैत १८ देखि अवकाश पाउनुभएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ।

# बढुवा

मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक विना ढकाल पौडेल अधिकृत प्रथम (निर्देशक) पदमा बढुवा हुनुभएको छ। लोक सेवा आयोगद्वारा लिइएको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा र बैंकबाट लिइएको अन्तरवार्ताका आधारमा उहाँ बढुवा हुनुभएको हो।

यसै गरी, आन्तरिक प्रतियोगिताबाट विभिन्न विभाग/कार्यालयका छ जना सहायक निर्देशकहरू उप-निर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनुभएको छ। यसरी बढुवा हुनेमा सुदीप त्रिपाठी, पुष्करराज भट्टराई, चोपकान्त सुवेदी, टीकाराम तिमिल्सिना, पुष्पराज शर्मा विनाडी र अभियान उपाध्याय हुनुहुन्छ। साथै, आन्तरिक प्रतियोगिताअन्तर्गत रुबी साह, सुनिता कार्की र गोपाल महर्जन अधिकृत तृतीय (सहायक निर्देशक) पदमा बढुवा हुनुभएको छ।

यसै गरी, आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट विभिन्न विभाग/कार्यालयका १० जना सहायकहरू सहायक प्रथम (प्रधान सहायक) पदमा बढुवा हुनुभएको छ। यसरी बढुवा हुनेमा सुस्मिता अर्याल, सरला पोखेल, यज्ञप्रसाद सापकोटा, सम्झना घिमिरे, माधवप्रसाद खनाल, प्रदीप घिमिरे, पूजा शर्मा, विमल पराजुली, अनिल खतिवडा र राजन पोखेल हुनुहुन्छ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
विद्या अधिकारी
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल